Updated Final draft for disclosure
10.31.2019

# कार्यकारी सारांश
# (Executive Summary)

वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (Environmental and Social Management Framework यस पछि "ESMF" भनिएको) नेपाल बिधुत प्राधिकरणको "वितरण प्रणाली स्तरोन्ती तथा विस्तार आयोजना (Distribution System Updgradation and Expansion Project यस पछि "DSUEP" भनिएको) का लागि तयार पारिएको प्रतिवेदन हो । यस प्रतिवेदनले DSUEP को छनोट, अध्ययन तथा कार्यान्वयनको तहमा आवश्यक पर्ने वातावरणीय तथा सामाजिक सुरक्षण (Environmental and Social Safeguard) का दृष्टिकोणले अवलम्बन गर्नु पर्ने जोखिम व्यवस्थापनको पहिचान, समाधानका उपायहरु तथा संस्थागत रुपमा कार्यान्वयन गर्नु पर्ने निकायहरुको जिम्मेवारीलाई समेत निर्दिष्ट रुपमा वर्णन गरिएको छ ।

प्रस्तावित आयोजना DSUEP अर्न्तराष्ट्रिय वित्तिय सहयोग संस्था (IFIs) को सहयोगबाट संचालन हुने छ । ESMF ले नेपाल सरकारका कानुन तथा नियमहरु र वित्तिय सहयोग संस्थाहरु एशियाली पूर्वाधार विकास बैंक (AIIB) र यूरोपियन लगानी बैंक (EIB), [1]लगानीकर्ताको वातावरणीय तथा सामाजिक सूरक्षणका नितिहरुलाई समेटेको छ । यस ESMF ले नेपाल बिधुत प्राधिकरणको आयोजना संचालन इकाई (NEA-Project Implementation Unit) र आयोजनाको वातावरणीय तथा सामाजिक जाचँ छनौट र असरहरुको वर्गीकरण (screening and categorization) र नकारात्मक असरहरुको न्यूनिकरणका लागि अपनाउनु पर्ने प्रकिया तथा आवश्यक दस्तावेजहरु जस्तै वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (Environmental and Social Management Plan), प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination), वातावरणीय तथा सामाजिक असर मूल्यांकन (Environmental and social impact assessment), पूर्नवास कार्यान्वयन योजना (Resettlement Action Plan) तथा आदिवासी समुदाय विकास योजना (Indigenous People's Development Plan) र वित्तिय लगानी संस्था तथा नेपाल सरकारको सुरक्षण (safeguard) नितिलाई समावेश गरेको छ । साथै यस ESMF ले :

(क) आयोजना र यस अन्तर्गतका कम्पोनेनटको समष्टिगत रुपमा व्याख्या गरेको छ ।

(ख) आयोजनाको कार्यान्वयनबाट सृजित हुने सम्भावित वातावरणीय तथा सामाजिक असर तथा त्यसको न्युनिकरणका उपायहरुको बारेमा व्याख्या गरेको छ ।

(ग) यस ESMF ले असरहरुको जाचं छनोट (screening), असरहरुको वर्गीकरण (categorization), आवश्यक मूल्यांकन र मूल्यांकनमा आधारित प्रतिवेदनको आवश्यकता र प्रतिवेदनमा उल्लेख गरिएका वातावरणीय तथा सामाजिक असरहरुलाई न्युनिकरण तथा समाधानको उपाय र यसका लागि आवश्यक पर्ने संस्थागत प्रणाली, अनुगमन प्रणाली, सरोकारवाल तथा प्रभावित समुदायहरुसंग प्रभावकारी परामर्श (meaningful consultation) तथा सूचना प्रकाशनसंग सम्बन्धित आवश्यकताहरुको व्याख्या गरेको छ ।

(घ) आयोजनाको छनोट, संचालन तथा कार्यान्वयनको तहमा आवश्यक पर्ने वातावरणीय तथा सामाजिक मूल्यांकनको पहिचान तथा समाधानका उपायहरु निर्दिष्ट गरिएको छ ।

---

[1] ए.आई. आई.बि.को वातावरण तथा सामाजिक निति (ESP) र वातावरणीय तथा सामाजिक मापदण्डहरु (ESS), EIB को वातावरणीय तथा सामाजिक सूरक्षण ।

(ङ) ESMF ले आयोजना कार्यान्वयन गर्ने निकाय (borrower) ले वातावरणीय तथा सामाजिक सुरक्षण दृष्टिकोणले नेपाल सरकारको कानून तथा नियमहरु र आयोजनामा लगानी गर्ने वित्तिय संस्थाहरुको सूरक्षण नितिलाई सम्बोधन गर्न सकने क्षमता तथा उचितता र आवश्यक क्षमता विकासको सम्बन्धमा उल्लेख गरेको छ ।

(च) साथै आयोजना कार्यान्वयन गर्ने निकायको आयोजना प्रतिको जिम्मेवारी, सूरक्षणहरुको कार्यान्वयन, अनुगमन तथा सूचना प्रवाह लगायतको बारेमा वर्णन गरिएको छ ।

वित्तिय लगानी कर्ताको सुरक्षण सम्बन्धि अवधारणालाई आयोजनाको कार्यान्वयन तहमा समावेश गर्दा, आयोजना कार्यान्वयन इकाईले (PIU) ले ठेकेदार तथा परामर्शदातासंग सम्झौता गर्दा उल्लेखित सुरक्षणका कुरालाई समावेश गर्ने छ । आयोजना कार्यान्वयन गर्दा बखत अनैच्छिक पूर्नवास (Involuntary resettlement) र जग्गा अधिकरणको (land acquisition) आवश्यकता परेको खण्डमा पूर्नवास कार्यान्वयन योजना (resettlement action plan) बनाइने छ । ESM को कार्यान्वयनको सिलसिलामा आदिवासी र जोखिम युक्त समुदाय (Indigenous people and vulnerable communities) को पहिचान गरी सबआयोजना (subproject) अनुसारको आवश्यक आदिबासी समुदाय विकास योजना (IPDP) प्रतिवेदन बनाइने छ ।

वातावरणीय तथा सामाजिक असरहरुको पहिचान, निर्धारण, पहिचान तथा समाधानका उपायहरुको अवलम्बन गर्दा सार्वजनिक सुनुवाई, परामर्श इत्यादीलाई प्रोत्साहान गर्नु पर्ने हुन्छ जसले गर्दा सरोकार वाला व्यक्ति, समुदायहरुलाई पारदर्शि रुपले आयोजनाको बारेमा र यसको कार्यान्वयन हुदा पर्न सक्ने नकारात्मक, सकारात्मक असर तथा त्यसको न्यूनिकरणको उपाय र व्यवस्थापनको सम्बन्धमा जानकारी गराउनु पर्ने छ । आयोजना कार्यान्वयन इकाईबाट स्थानीय स्तरमा आयोजनाबाट प्रभावित गुन गएका समुदाय, व्यक्ति वा सरोकारवालाहरुको गुनासो सुनुवाइका लागि गुनासो सम्बोधन (Grievance redressal) व्यवस्थापन प्रणालीको स्थापना गरिने छ ।

आयोजनाको कार्यान्वयनबाट स्थानीय स्तरमा सकारात्मक प्रभाव पर्न जाने अनुमान गरिएको छ भने नकारात्मक असरहरु अल्पकालिन र अस्थाई रुपका हुने अनुमान गरिएको छ । यस्ता नकारात्मक असरहरुलाई नेपालको कानून, निति तथा वातावरणीय सूरक्षणका नितिहरुलाई आयोजनाको डिजाइनमा समावेश तथा वातावरणीय तथा सामाजिक सूरक्षण योजना एवं अर्न्तराष्ट्रिय मापदण्डहरुलाई अवलम्बन गरेर समाधान गर्न सकिने छ । वातावरणीय तथा सामाजिक सूरक्षण योजनाले वातावरणीय तथा सामाजिक असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक लागत (mitigation cost) तथा compliance monitoring को सुनिश्चित्ता गर्ने छ । आयोजना कार्यान्वयन इकाई (NEA-PIU) को वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनालाई कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी हुने छ । यसले त्रैमासिकको अन्तरालमा वातावरणीय तथा सामाजिक अनुगमन प्रतिवेदन तयार गर्ने छ र ने.बि.प्रा.को व्यवस्थापनले त्रैमासिकको अन्तरालमा उक्त प्रतिवेदनलाई पूर्नमूल्यांकन गर्ने छ । यी प्रतिवेदनहरु वित्तिय लगानी संस्थालाई पनि उपल्बध गराइने छ । प्रतिवेदनमा उल्लेख भएका आशयहरुको कार्यान्वयनता बारे वित्तिय लगानी संस्थाबाट हुने आयोजना कार्यान्वयन पूर्नमूल्यांकन बैठकमा छलफल गरिने छ । NEA-PIU र परामर्शदाताको प्रत्यक्ष निगरानीमा ठेकेदारले ESMP मा उल्लेख गरिएका सर्तहरुलाई सहायक आयोजना निर्माणको अवधिमा पालना गरेको, नगरेको अवस्थालाई अनुगमन गर्ने छ । ESMP मा उल्लेख गरिएका प्रस्तावनाहरु सहायक आयोजनाको कार्यान्वयनको सिलसिलामा समयसापेक्षता अनुसार परिमार्जन गरिने छ ।

**आयोजनाबाट हुन सक्ने सम्भावित जोखिमता तथा असरहरु (Potential Risks and Impacts):**

- कम्पोनेन्ट १: ३३ केभि प्रसारण लाइन तथा ३३/११ केभि सबस्टेशन र आवश्यकता अनुसार वर्तमान सुबिधाहरुको विस्तार समेत ।

- कम्पोनेन्ट २: ११ केभि लाइनको निर्माण, ट्रानस्फरमर वितरण, न्यून भोल्टेज वितरण लाइन एवम् ग्राहक कनेक्शन समेतको निर्माण कार्य ।
- कम्पोनेन्ट ३: क्षमता विकास, आयोजना कार्यान्यवन सहयोग तथा प्राविधिक सहयोग ।

नयाँ सब-स्टेशनहरु निर्माण गर्नका लागि आवश्यक जग्गाहरु सरकारी तथा निजि प्रकृतिका हुन सक्ने छन् । वातावरणीय तथा सामाजिक जोखिमता संग सम्बन्धित विषयवस्तु मध्य कामदारहरुको वास्थानको अवस्था, कार्यस्थलको अवस्था, सामूहिक स्वास्थ तथा सूरक्षा, भौतिक तथा सांस्कृतिक सम्पदा, आदिवासी समुदाय तथा प्रभावित समुदायको जिविकोपार्जन सम्बन्धी असरहरु आयोजना निर्माण अवधिमा देखा पर्न सक्ने छन् । यस्ता असरहरुको पहिचान तथा समाधानका लागि संक्षिप्त वातावरणीय तथा सामाजिक असर मूल्याकंनबाट गरिने छ ।

वातावरणीय तथा सामाजिक सूरक्षणसंग सम्बन्धित जोखिम व्यवस्थापनका लागि ESMF मा विस्तृत रुपमा उल्लेख गरिएको छ । जुन यस प्रकार छ :

| क्र.स. | कार्य | परामर्शदाता/फर्म | ने.बि.प्रा.-PIU | वित्तिय लगानी संस्था |
|---|---|---|---|---|
| १ | असरहरुको जांच छनौट | प्रारम्भिक वातावरणीय तथा सामाजिक असरहरुको जांच छनौट गर्ने र राय सुझाव सहित ने.बि.प्रा.-PIU लाई प्रतिवेदन पेश गर्ने । | उक्त प्रतिवेदनलाई पूर्नमूल्यांकन गर्ने र साहायक आयोजनाको लागि निर्णय गर्ने । | पूर्नमूल्यांकन गर्ने र सुझाव दिने ( वातावरणीय तथा सामाजिकसंग सम्बन्धीत वर्गीकरणका लागि) |
| २ | वातावरणीय तथा सामाजिक मूल्यांकन | नेपाल सरकार र वित्तिय लगानी संस्थाहरुको ऐन, निति तथा मापदण्ड अनुसारको वातावरणीय तथा सामाजिक अध्ययन प्रतिवेदन बनाउने । उदाहरणका लागि ESIA/IEE, ESMP, RAP, IPDP | सबआयोजना सम्बन्धी प्रस्तुत गरिएका वातावरणीय तथा सामाजिक अध्ययन प्रतिवेदनलाई पूर्नमूल्यांकन गर्ने । | प्रतिवेदनहरुलाई पूर्नमूल्यांकन गर्ने/ ने.बि.प्रा.-PIU लाई प्रकिया पालनका लागि सुझाव दिने । |
| ३ | प्रतिवेदनहरुमा पूर्नमूल्यांकन तथा राय सुझाव समावेश गर्ने | ने.बि.प्रा.-PIU बाट प्रतिवेदन बारे अनुमति पाएको वा नपाएको बारे सुनिश्चिता गर्ने | सबआयोजनाका लागि तयार पारिएका प्रतिवेदनहरुलाई जांचबुझ गरेर प्रचलित ऐन नियम बमोजिम तयार गरिएको वा नगरिएको सुनिश्चिता गर्ने र अनुमति दिने । | प्रतिवेदनको जांचबुझ गरेर अनुमति प्रदान गर्ने । |
| ४ | सबआयोजनाको निरिक्षण तथा कार्य प्रणाली मूल्यांकन | सबआयोजनाको वस्तुस्थिति अनुसार वातावरणीय तथा सामाजिक पक्षहरु कार्यान्वयन बारे अध्ययन प्रतिवेदन बनाउने । | वातावरणीय तथा सामाजिक पक्षहरुको कार्यान्वयन विधि, प्रक्रियालाई अनुगमन गर्ने र ESIA/IEE, ESMP, RAP, IPDP इत्यादी कार्यान्वयन गर्न ठेकेदारलाई मार्ग निर्देशन गर्ने साथै ठेकेदारले वातावरणीय तथा | वातावरणीय तथा सामाजिक अनुगमन कियाकलापमा सहयोग गर्ने र सहभागी हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक मापदण्ड पालना नगरेको खण्डमा non-complaince जारी गर्ने । प्रतिवेदनहरु वित्तिय लगानी संस्थालाई पनि प्रदान गर्ने । | |

**वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन विधि (Environmental and Social Risk Management Process):**

वातावरणीय तथा सामाजिक जोखिमता जांच छनौट तथा जोखिमताको वर्गीकरण : यस आयोजनाको कार्यान्वयनबाट न्यून रुपमा वातावरणीय तथा सामाजिक असरहरु हुने अनुमान गरिएता पनि आयोजनाको सबस्टेशन, प्रशारण लाइन जस्ता कार्यका लागि नेपालको वातावरण संरक्षण ऐन २०५५ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination) आर्कषित हुन सक्छ । सबै सबआयोजनाहरुले वातावरणीय तथा सामाजिक असर जांच छनौट गर्नु पर्ने हुन्छ । जांच छनौट प्रतिवेदनको आधारमा असरहरुको वर्गीकरण गरिने छ र प्रतिवेदनहरु बनाइने छ । जांच छनौटको नमुना अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

**वातावरणीय तथा सामाजिक असर जांच छनौट (Environmental and Scial Screening and Catagorization):**

वातावरणीय असर जांच छनौटको प्रक्रिया सम्पन्न गरिसके पछि सोहिको आधारमा उत्पन्न हुन सक्ने असरहरुलाई तल उल्लेखित बमोजिम वर्गीकरण गरिने छ ।

- वर्गीकरण-१ (नकारात्मक सूची): निम्न लिखित अवस्थामा सबआयोजनाहरुलाई DSUEP आयोजना अर्न्तगत समावेश गरिने छैन र लगानी पनि गरिने छैन ।

  (क) सबआयोजनाबाट जोखिमयुक्त बासस्थान अथवा वातावरणीय दृष्टिकोणले सम्बेदनसिल क्षेत्रमा हुनसक्ने असरहरु जस्तै राष्ट्रिय वनक्षेत्र, वन्यजन्तु संरक्षण क्षेत्र, संरक्षित क्षेत्र, विश्व सम्पदा क्षेत्र तथा नेपाल सरकारबाट घोषणा गरिएका वा थाहा भएका धार्मिक तथा सांस्कृतिक क्षेत्र/स्थल र वित्तिय लगानी संस्थाबाट उल्लेख गरिएका क्षेत्रहरु ।

  (ख) नेपाल सरकारको ऐन बमोजिम EIA गर्नु पर्ने सबआयोजनालाई वित्तिय लगानीकर्ताको सूरक्षण मापदण्ड अनुसार क्याटगरी "ए" अन्तर्गत  नकारात्मक सूचीमा राखिएको छ ।

  (ग) बैकंको निति अनुसार ESIA गर्नुपर्ने भएतापनि ESMP, ESIAको प्रतिवेदनमा समावेश गर्नु पर्ने छ ।
  (घ)  यस क्याटगोरी अन्तर्गतका सबआयोजनाबाट राष्ट्रिय वनक्षेत्र, वन्यजन्तु संरक्षण क्षेत्र, संरक्षित क्षेत्र, eco-system विश्व सम्पदा क्षेत्र धार्मिक तथा सांस्कृतिक क्षेत्र/स्थल आदिमा असर पर्न सक्ने क्षेत्रहरुलाई नकारात्मक सूचीमा राखिएको छ  ।

- वर्गीकरण-२ (IEE/ESIA, ESMP समेत) : यस वर्गिकरण अन्तर्गतका सबआयोजनाबाट वातावरणीय पक्षमा हुनसक्ने नकारात्मक असरहरु मुख्य रुपले वन जंगल, रामसार क्षेत्र अथवा अन्य कुनै प्राकृतिक वासस्थानमा अत्याधिक मात्रामा नहुने अनुमान गरिएको छ । कुनै सबआयोजनाले राष्ट्रियवन, सामुदायिकवन तथा १३२ केभी भन्दा बढि क्षमता को प्रशारण लाइन निर्माणगर्दा वन क्षेत्र ओगटेरजान्छ भने नेपाल सरकारको ऐन बमोजिम IEE गनुपर्नेभएकोले यसलाई क्याटगरी “बी” सूचीमा राखिएको छ ।

वित्तिय लगानी संस्थाहरुको मापदण्ड अनुसार क्याटगरी “बी” मा वर्गीकरण गरिएका सबआयोजना लाई प्रारम्भिक वातावरणीय परिक्षण नेपाल सरकारको ऐन बमोजिम र वित्तिय लगानी संस्थाहरुको आवश्यकता अनुसार ESMP सहितको संक्षिपत वातावरणीय तथा सामाजिक असर मूल्यांकन प्रतिवेदनको आवश्यकता हुन्छ ।

- वर्गीकरण-३ (DDR, ESMP समेत) : यस वर्गिकरण अन्तर्गतका वातावरणीय असरहरु न्यून मात्राको हुनसक्ने अनुमान गरिएको छ । असरका प्रकृतिहरु सबआयोजना स्थल नजिकै रहेको वसोवास, , वस्तीहरु र स्कूल लगायत अन्य क्षेत्रमा आयोजनाको निर्माण अवधिमा अत्याधिक मात्रामा उत्पन्न हुने धूलो, धूवाँ तथा ध्वनी प्रदुषण प्रकृतिका असरहरुलाई DDR सहित ESMP प्रतिवेदन मार्फत न्यून गर्न सक्न्छि ।

- वर्गीकरण-४ (FI): वित्तिय सँस्थाको माध्यम वाट (Financial Intermediatry) आयोजनामा हुने वैकको लगानी हुने भएमा प्रकृतिका आयोजना हरुलाई क्याटगरी -४ मा राखिएको छ । यस वर्गिकरण अन्तर्गत वैकले वित्तिय सँस्था लाई आयोजनाको पहिचान, छनौट, मूल्याकंन तथा अनुमोदन कालागी अधिकार प्रत्योजन गर्दछ । वित्तिय लगानी संस्थाहरुको (AIIB and EIB) वातावरणीय तथा सामाजिक मापदण्ड अनुसार यस प्रकृतिका बआयोजना हरुलाई क्याटगरी -४ मा पर्दछन । वित्तिय सँस्थाको लागी FI ले आयोजनाको वातावरणीय तथा सामाजिक असर तथा समाधानका पहिचान गर्ने (Screening) र Screening को आधारमा आयोजनाको वातावरणीय तथा सामाजिक असर लाई क्याटगरी अनूसार वर्गीकरण, आवश्यक प्रतिवेदन का साथै वैकको वातावरणीय तथा सामाजिक निती (ESP) संग मेलखानेगरी वातावरणीय तथा सामाजिक मापदण्ड हरुलाई आयोजनामा लागगनपर्ने हून्छ । आयोजना Host country को ऐन बमोजिम वातावरणीय तथा सामाजिक मापदण्ड अनुसार नकारात्मक सूची (exclusion list) अन्तर्गतका आयोजना हरु पनि यस क्याटगरी मा पर्दछन ।

**सामाजिक असर जांच छनौटको (Social Screening - Exclusion list) :**

(क) वर्गीकरण-१ (नकारात्मक सूची): यस वर्गिकरण अन्तर्गतका सबआयोजनाको कार्यान्वयनबाट पर्वतीय भेगमा ५० वा अधिक परिवार, ७५ वा सो भन्दा माथि पहाडी भेगमा र १०० वा सो भन्दा माथिको परिवार संख्या तराई क्षेत्रमा अनैच्छिक जग्गा अधिकरण (Involuntary land acquisition) को कारणबाट सामाजिक रुपमा प्रभाहित हुन सक्ने प्रकृतिको अनुमान गरिएको छ । नेपाल सरकारको ऐन बमोजिम EIA गर्नु पर्ने सबआयोजनालाई यस आयोजनाबाट नकारात्मक सूचीमा राखिएको छ ।

**सह आयोजनाको मूल्यांकन तथा जोखिम व्यवस्थापन साधन (Assessment and Risk management instruments of sub-projects):**

सह आयोजनाको पहिचान देखि संचालनको अवस्था सम्मको अवधिमा गरिने वातावरणीय तथा सामाजिक मूल्याकंन आयोजनाको एउटा अभिन्न अंग हो । सबै सह आयोजनाहरु वातावरणीय तथा सामाजिक छनौट प्रक्रिया, जोखिमताको पहिचान, यसका व्यवस्थापनका उपाय, अनुगमन तथा मूल्याकंनको विधिलाई लागु गरिने छ ।

सह आयोजनाको अवधिमा गरिने वातावरणीय तथा सामाजिक मूल्याकंनका तह, कार्य र जिम्मेवारीलाई निम्न रुपले उल्लेखित गरिएको छ ।

| आयोजनाको तह | वातावरणीय तथा सामाजिक कार्य | जिम्मेवारी |
|---|---|---|
| आयोजनाको पहिचान | सरोकारवालाहरुसंग विस्तृत परामर्शको माध्यमबाट सह आयोजनामा प्रभाव पर्न सक्ने वातावरणीय तथा सामाजिक असर तथा समाधानका उपायहरुको पहिचान गर्ने । | DSUEP/NEA-PIU |
| आयोजना छनौट | वातावरणीय तथा सामाजिक मूल्याकंनको छनौट प्रक्रियाको विधि अपनाउने साथै असरहरुको तह समेत मूल्याकंन गरी आवश्यक प्रतिवेदन जस्तै EIA,SIA,IEE,EMP,RAP इत्यादीको पहिचान गरी सिफारीश गर्ने र प्रतिवेदन NEAPIU लाई पेश गर्ने । | परामर्शदातृ । |
| मूल्याकंन तथा अनुमोदन | वातावरणीय तथा सामाजिक छनौट प्रतिवेदनको (screening) पूनरावोलोकन र अनुगमन गर्ने । | NEA-PIU, लगानीकर्ता संस्था । |
| सह आयोजना डिजाइन | सथलगत स्तरीय EIA,IEE,EMP,RAP, IPDP जस्ता आवश्यक प्रतिवेदन बनाउने । | NEA-PIU, परामर्शदात । |
| कार्यान्वयन तह | सथलगत स्तरीय EIA,IEE,EMP,RAP, IPDP आदि प्रतिवेदनमा उल्लेख भएका व्यवस्थापनका उपायहरुको कार्यान्वयन गर्ने । | NEA-PIU, परामर्शदात, विशेषज्ञ । |
| अनुगमन तह | सथलगत स्तरीय EIA,IEE,EMP,RAP, IPDP आदि प्रतिवेदनमा उल्लेख भएका व्यवस्थापनका उपायहरुको कार्यान्वयन भएको वा नभएको बारे स्थलगत अनुगमन गर्ने । | लगानीकर्ता संस्था, NEA-PIU, विशेषज्ञ । |
| संचालनको तह | वातावरणीय तथा सामाजिक अडिट (audit) गर्ने । | स्वतन्त्र तेस्रो पक्षको माध्यमबाट । |

**पूर्नवास योजना ढाचा (Resettlement Plan Framework):**

सबै सह आयोजनाको सामाजिक पक्षी असरहरुको सम्बन्धमा स्थलगत छनौट (site specific screenings) गरीने छ। Screening बाट अनैछिक पूर्नवास (Involuntary Resettlement) संग सम्बन्धित कुनै असरहरुको पहिचान हुन गएको खण्डमा सामाजिक असर मूल्याकंन (social impact assessment) को अध्ययन गरिने छ र कार्ययोजना (RAP) पनि बनाइने छ।

पूर्नवास कार्ययोजना (RAP) मा अनैछिक पूर्नवासको उद्देश्य, रणनिति, कार्य क्षेत्र land acquisition and resettlement) , सामाजिक आर्थिक अवस्था सूचनाको प्रवाह, सरोकारवालाहरुसंगको परामर्श, गुनासो सम्बोधन विधि,कानूनी ढाचा तथा अन्य सान्दर्भिक सूचनाहरुलाई समेटेर बनाइने छ।

पूर्नवास कार्ययोजना (RAP) मा हकदार म्याट्रिक्स (Entitlement Matrix) समेत समावेश गरिने छ। हकदार म्याट्रिक्सले सामाजिक तथा आर्थिक रुपले प्रभावित गुन सक्ने नोक्सानी (losses) हरु जस्तैः जग्गाको प्रकृति, व्यापारीक तथा आवासीय संरचना, आय स्रोत र सम्पत्ति (asset), जोखिमयुक्त समुदायको लागि आवश्यक सहयोग तथा साझा सम्पत्तिसंग सम्बन्धित स्रोत तथा अन्य पहिचान हुन नसकेका असरहरुलाई सम्बोधन गर्ने छ।

**आदिवासी जनजाति विकास ढाचा (Indigenous People's Development Framework):**

सामाजिक असर छनौट प्रतिवेदनबाट यदि सम्बन्धित सह आयोजना क्षेत्रमा आदिवासी जनजाति समुदायको उपस्थिति अथवा सामुहिक रुपमा सम्बन्ध अथवा सह आयोजनाको कार्यान्वयनबाट जनजाति समुदायलाई कुनै असर पर्ने देखिएमा आदिवासी जनजाति विकास योजना (Indigenous people's development plan) बनाइने छ। यसका लागि सामाजिक असर मूल्याकंन (SIA) गरिने छ र यस अर्न्गात मुख्य रुपले सह आयोजनाबाट प्रभावित हुने आदिवासी जनजातिहरुको आधारभूत भौगोलिक अवस्था, सामाजिक आर्थिक तथा सास्कृतिक अवस्था, प्राकृतिक स्रोत साधन र सह आयोजनाबाट हुने सकारात्मक तथा नकारात्मक असरहरुको पहिचान गरि उल्लेख गरिने छ।

आदिवासी जनजाति विकास योजना (IPDP) अन्तर्गत आदिवासी जनजातिहरुको आवश्यकता र उनीहरुले छनौट गर्ने विक्लप बारे विस्तृत रुपमा उल्लेख गरिने छ। सह आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने सकारात्मक तथा नकारात्मक असरहरुको समाधानका उपाय, क्षतिपूर्ति (compensation) लगायतका विषयहरु समावेश गरिने छ। आयोजना संचालकको समाधानको उपायहरुको कार्यान्वयन गर्ने क्षमता तथा गैर सरकारी संस्था (NGPO) हरुको संलगनता, बजेटको प्रावधान तथा अनुगमन प्रणाली इत्यादी पक्षहरु आदिवासी जनजाति विकास योजना (IPDP) मा समेटिने छ।

**वातावरणीय तथा सामाजिक प्रतिवेदनको पूर्नमूल्यांकन तथा अनुमति प्रदान (Review and Clearance of Environmental and Social Instrucments):**

माथि उल्लेख गरिएका वर्गीकरणमा आकर्षित हुने अध्ययन प्रतिवेदनहरुको पूर्नमूल्यांकन तथा अनुमति प्रदान गर्नका लागि तल उल्लेखित बुदाँमा वर्णन गरिए अनुसार हुने छ।

- ने.बि.प्रा.-PIU को मुख्य जिम्मेवारी सम्पूर्ण अध्ययन प्रतिवेदन जस्तै ESIA, ESMP, RIAP, IPDP इत्यादीहरुको पूर्नमूल्यांकन र प्रतिवेदनको गुणस्तर कायम गर्ने रहने छ।
- छनौट प्रक्रिया अनुसार वातावरणीय तथा सामाजिक वर्गीकरण ३ र ४ मा परेका सबआयोजनाको वातावरणीय तथा सामाजिक अध्ययन प्रतिवेदनहरुको कार्यान्वयनका लागि सिफारिश गर्ने र वर्गीकरण २मा परेका सबआयोजनाको अध्ययन प्रतिवेदन नेपाल सरकारबाट स्वीकृतीका लागि पहल गर्ने र मन्त्रालयबाट स्वीकृत

भएका प्रतिवेदनहरु वित्तिय लगानी संस्थाहरुलाई समेत उपलब्ध गराउने । तर ESMP, वित्तिय लगानी संस्थाहरुलाई पूर्नमूल्यांकनका लागि पेश गरीने छ ।

**वातावरणीय तथा सामाजिक अनुगमन (Environmental and Social Monitoring)** :

उल्लेखित सूरक्षण मापदण्ड प्रतिवेदनहरु ने.बि.प्रा.-PIU ले आन्तरिक रुपमा सबआयोजना तहमा मापदण्डहरु कार्यान्वयन भएको वा नभएको अनुगमन गर्ने छ । वित्तिय लगानी संस्था र ने.बि.प्रा.-PIU ले आयोजनाको विभिन्न चरण (निर्माण अवस्था तथा संचालन अवस्था)मा अनुगमनका लागि जिम्मेवार हुनेछन् । सबआयोजना तहमा परामर्शदाता/विशेषज्ञ ६ जना स्थलगत तहमा र केन्द्रीय तहमा २ जनाको व्यवस्था गरिने छ । यी परामर्शदाताहरुले वातावरणीय तथा सामाजिक समस्या समाधानका पक्षहरु कार्यान्वयन भएको वा नभएको अनुगमन गर्ने छन् र मासिक तथा त्रैमासिक रुपले ने.बि.प्रा.-PIU लाई प्रतिवेदन पेश गर्ने छन् । वित्तिय लगानी संस्थाले समय समयमा हुने मिसनको बेला सामाधानका पक्ष कार्यान्वयनको स्थिति बारे अनुगमन गर्ने छन् ।

**सामाजिक परामर्श/सुनुवाई तथा संलगनता रणनिति (Public Consultation and Engagement Strategy)** :

सामाजिक परामर्श/सुनुवाई तथा संलगनता रणनितिका मुख्य दुईवटा पक्ष छन् :

(क) सबै सरोकारवाला पक्षहरुलाई सबआयोजनाको बारेमा जानकारी गराउने र आयोजनाबाट हुने संभावित सकारात्मक तथा नकारात्मक वातावरणीय तथा सामाजिक पक्षको जानकारी गराउने ।

(ख) सबआयोजनाको छनौट, निर्माण तथा कार्यान्वयनको अवस्थामा सबै सरोकारवालाहरुको सहभागीता भएको सुनिश्चिता गर्ने र वातावरणीय तथा सामाजिक प्रतिवेदन बनाउदा उनीहरुको राय सल्लाह र सुझाव समेत समावेश गर्ने । यस प्रकारको सहभागीताबाट आयोजना तथा सरोकारवाला बिचमा हुने असमझदारीको दुरी कम हुने छ र आयोजना कार्यान्वयनको लागि सहयोग पुग्ने छ । यसका केही विधिहरु छन् जस्तैः

- सबआयोजना प्रभावित क्षेत्रमा सार्वजनिक सुनुवाई गर्ने ।
- स्थानीय तहमा भएका कलब, समुदाय तथा गैर सरकारी संस्था मार्फत सूचनाको प्रवाह तथा जनजागरण गर्ने ।
- सबआयोजना प्रभावित क्षेत्रका समुदायसंग अन्तरवार्ता/सर्भे गर्ने ।
- लक्षित समुदायसंग अर्न्तक्रिया कार्यक्रम गर्ने ।
- सबआयोजनाको कार्यान्वयनतको विभिन्न तहमा समिति/समुदायको गठन गर्ने र छलफल गर्ने ।
- गुनासो सम्बोधन प्रणालीको स्थापना गर्ने ।
- सबआयोजनासंग सम्बन्धित सूचनाहरु तथा निर्णय प्रक्रियाहरु समुदायलाई प्रवाह गर्ने र गुनासो सम्बोधनको विधि पनि जानकारी गराउने ।

**सरोकारवालाको पहिचान तथा सिमा क्षेत्र निर्धारण (Stakeholder Mapping and Analysis)** :

सरोकारवालाहरुको पहिचान तथा तिनिहरुको सिमा क्षेत्र निर्धारण गर्न जरुरी हुन्छ । समा क्षेत्र निर्धारण गर्दा सरोकारवालाहरुलाई एक वा एक भन्दा बढि तहमा वर्गीकरण गर्न सकिन्छ ।

- प्रभावित घरधूरी, व्यक्ति र समुदायहरु ।
- DSUEP ले पहिचान गरेका कार्य क्षेत्र भित्र पर्ने आयोजनाबाट लाभान्वित हुने सबै समुदायहरु ।
- विभिन्न तहमा जिम्मेवारी लिएका सरकारी निकायहरु (केन्द्र, जिल्ला र स्थानीय), सम्बन्धित मन्त्रालय तथा विभागहरु ।
- केन्द्र, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनितिक दलका प्रतिनिधिहरु ।
- सम्बन्धित गैरसरकारी संस्था, सामुदायिक संस्था र उपोभोक्ता समितिहरु ।
- प्रभावित क्षेत्रमा भएका प्रभावकारी भूमिका खेल्ने स्थानीय समुदायका प्रतिनिधि, विद्यालय शिक्षक, सामाजिक कार्यकर्ता र धार्मिक अगुवाहरु ।
- नागरिक समाज, वर्न्चित समुदाय तथा कामदारहरु ।

**सरोकारवालाहरुलाई समावेश गर्ने रणनिति (Stakeholder Engagement Plans):**

सरोकारवालाहरुको पहिचान तथा सिमा क्षेत्र निर्धारण प्रतिवेदनले सरोकारवाला र आयोजनाको बिचमा भविष्यमा हुने योजनाबद्ध सूचनाको आदान प्रदानको बारेमा विस्तृत उल्लेख गर्ने छ । सरोकारवालाहरुको सहभागिता योजनाले तल उल्लेखित तत्वहरुलाई जनाउछ :

**प्राथमिक तथा माध्यमिक सरोकारवाला (Primary and Scondary Stakeholder):**

- प्राथमिक तथा माध्यमिक सरोकारवालाहरुको भिन्ता छुटयाउने आधारहरुमा, प्राथमिक सरोकारवाला भन्नाले - समुदायहरु जस्तै आदिवासी, गैर आदिवासी, आयोजनाबाट प्रभावित हुने समुदाय, जोखिमयुक्त समुदाय तथा संरचना निर्माणमा संलग्न कामदारहरु भन्ने बूझिन्छ । माध्यमिक सरोकारवाला भन्नाले नागरिक समाज, प्रेस, सरकार, स्थानीय व्यवसायी इत्यादीलाई बुझाउछ ।
- सूचना प्रवाह रणनितिको विस्तृत व्याख्या ।

**सूचना प्रवाह, परामर्श तथा सहभागीता (Information Disclosure, Consultation and Participation) :**

सबआयोजनाबाट प्रभावित समुदाय तथा व्यक्तिहरुसंग परामर्श तथा तिनिहरुको सहभागीता आयोजनाको सुरुवात देखी आयोजना अवधिभर गरिने छ । प्रत्येक सबआयोजना क्षेत्रमा आयोजना सूचना केन्द्रको स्थापना गरिन्छ र केन्द्रले आयोजना सम्बन्धि सूचना प्रवाह गर्ने छ र आयोजनासंग सम्बन्धित गुनासाहरुको अभिलेख राख्ने, स्थानीय परामर्श मञ्चलाई सक्रिय बनाउने र गुनासो सम्बोधन गर्ने छ । सूचना सामाग्रीहरु सबआयोजना संचालन हुनु भन्दा अगाडि नै सम्बन्धित क्षेत्रका सबै सरोकारवालाहरुलाई उपल्बध गराइने छ ।

सूचना सामाग्रीमा प्रभावित समुदायले गुनासो सम्बोधन गर्ने प्रक्रिया, आयोजनाको समयावधि र आयोजनासंग सम्बन्धित विषयवस्तुलाई समेटने छ । रेडियो, टि.भि., स्थानीय एफ.एम. र पत्रपत्रिका मार्फत पनि आयोजनाको बारेमा जानकारी गराइने छ । आयोजनासंग सम्बन्धित सबै प्रतिवेदनहरु ने.बि.प्रा.-PIU को वेभसाइट www.nea.org तथा वित्तिय लगानी संस्थाको वेभसाइटमा राखिने छ ।

**सूचना प्रकाशन (Disclosure of Information):**

- आयोजनाको उद्धेश्य, लक्ष्य प्राप्ति, समभावय असर तथा समाधानको उपायहरु बारे एकतर्फी रुपले सूचना दिने ।

- खासगरी आयोजना निर्माण सम्बन्धि nuisance बारे जानकारी दिने ।
- आयोजनाका कार्यान्वयनको अवधिमा आवश्यक परेको खण्डमा सूचना दिने ।

**जनपरामर्श तथा सहभागिता (Public consulation and participation):**

- आयोजना संचालनका लागि सामाजिक मान्यता (social license) प्राप्त गर्ने ।
- उद्धेश्यका लागि गरिने दुई तर्फी सूचना आदान प्रदान ।

**स्वतन्त्र, पूर्वसूचित परामर्श (FPIC):**

आयोजना कार्यान्वयनको सहमतिका लागि गरिने विस्तृत तथा सास्कृतिक रुपले उचित संचार प्रवाह गर्ने विधिलाई FPIC भन्निछ ।

**प्रभावकारी परामर्शका प्रक्रिया (Process of Meningfull Consultation):**

परामर्श आयोजना संचालक तथा सरोकारवाला पक्ष बिच एक आपसमा हुने प्रक्रिया हो । प्रभावकारी परामर्श संचालनका लागि महिला, आदिवासी समुदाय, अल्पसंख्यक तथा बन्चित समुदाय इत्यादीको सहभागीता मूल्क प्रतिनिधित्व आयोजनामा भएमा मात्रै प्रभावकारी सहभागीता भएको मान्न सकिन्छ । उदाहरणका लागि :

- लक्षित समुदाय तथा समावेशी परामर्श प्रक्रिया हुनु पर्ने ।
- समय, स्थान र  परामर्शको विषयवस्तु बारे पूर्व जानकारी दिनु पर्ने ।
- स्वतन्त्र, पूर्व सूचित जानकारी दिनु पर्ने (Free, prior and informed)
- सबआयोजना क्षेत्रमा बोलिने प्रचलित भाषाको सरल प्रयोग गर्नु पर्ने ।
- सबआयोजनाको कार्यान्वयनको पूर्वअवस्था देखी नै सरोकारवालाहरुलाई सहभागी बनाउने ।
- सबआयोजना अवधिभर परामर्श प्रक्रिया अपनाउने ।

**गुनासो संबोधन प्रक्रिया (Grievance Redressal Mechanism) :**

सबआयोजना क्षेत्रको सम्बन्धित प्रभावित वडामा गुनासो संबोधनका लागि वडा स्तरीय "स्थानीय परामर्श मञ्च" (local consultative forum) को स्थापना गरिने छ । यस मञ्चले जग्गा अधिकरण, पूर्नवास, क्षतिपूर्ति लगायत आयोजनासंग सम्बन्धित अन्य गूनासोहरुलाई सम्बोधन गर्ने छ । कतिपय गूनासोहरु सहि र तथ्यगत सूचना प्रवाहको माध्यमबाट स्थानीय तहमा नै समाधान गर्न सकिन्छ । यदि स्थानीय तहमा समाधान गर्न नसकेमा ने.बि.प्रा.-PIU मा भएको वातावरणीय तथा सामाजिक सूरक्षण टिमलाई प्रस्ताव गरिने छ । यसबाट पनि गूनासोहरु सम्बोधन भएन भने प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्न सकिने छ र यसबाट पनि गूनासो सम्बोधन बारे चित्त नबुझेमा अन्तमा न्यायलय समक्ष पेश गर्न सकिने छ ।

## ह्कदार म्याट्रिक्स (Entitlement Matrix)

| क्षतिको प्रकार | प्रयोग | ह्कदार व्यक्ति/परिवार | ह्कदार निति | ह्कदार प्रावधान उपलब्ध गराउने | कैफियत |
|---|---|---|---|---|---|
| **क. जग्गाको क्षति** | | | | | |
| **क.१. खेतियोग्य जग्गाको क्षति** | | | | | |
| जग्गा धनिबाट हुने खेति गरिएको सिमसार (cultivated wetland) को क्षति | सह आयोजनाका लागि (sub-station) गरिने जग्गा अधिकरण | जग्गा प्रमाण पत्र प्रापत व्यक्ति | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br><br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार | जग्गा लिनु भन्दा अगाडि प्रभावित व्यक्तिलाई पूर्ण रुपले क्षतिपूर्ति दिने । |
| जग्गा धनिबाट हुने खेति गरिएको सुख्खा जग्गा (cultivated ) को क्षति | सह आयोजनाका लागि (sub-station) गरिने जग्गा अधिकरण | जग्गा प्रमाण पत्र प्रापत व्यक्ति | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br><br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार | जग्गा लिनु भन्दा अगाडि प्रभावित व्यक्तिलाई पूर्ण रुपले क्षतिपूर्ति दिने । |
| जग्गा धनिबाट हुने खेति गरिएको सिमसार (cultivated wetland) को क्षति | ३३/११ केभी प्रशारण लाइनका लागि गरिने जग्गा अधिकरण/प्राप्ति | जग्गा प्रमाण पत्र प्राप्त व्यक्ति | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br><br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार | जग्गा अधिकरण गर्नू भन्दा अगाडि २० प्रतिशत रकम उपल्बध गराइने छ । हक हस्तानतरणको आवश्यकता छैन । |
| जग्गा धनिबाट खेति गरिएको सुख्खा जग्गा (cultivayed dry land ) को क्षति | ३३/११ केभी प्रशारण लाइनका लागि गरिने जग्गा अधिकरण/प्राप्ति | जग्गा प्रमाण पत्र प्राप्त व्यक्ति | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br><br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार | जग्गा अधिकरण गर्नू भन्दा अगाडि २० प्रतिशत रकम उपल्बध गराइने छ । हक हस्तानतरणको आवश्यकता छैन । |

| | | | | | |
|---|---|---|---|---|---|
| खेतियोग्य साझा जग्गाको नोक्सानी | आयोजनासंग सम्बन्धित कार्यका लागि लिइएको जग्गा | समुदाय वा गाउं जहा साझा जग्गा अवस्थित छ | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br><br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क आयोजनाबाट व्यर्होने | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट नगरपालिका/गाउंपालिकालाई प्रभावित भएको साझा जग्गाको क्षतिपूर्ति दिने । | भौतिक सम्पत्ति ९बककभत० लिनु भन्दा अगाडि प्रभावित व्यक्तिलाई पूर्ण रुपले क्षतिपूर्ति दिने । |
| स्थायी रुपमा भाडामा लिएको कृषि खेतियोग्य जग्गाको नोक्सानी ( खेति गरिएको सिमसार, सुख्खा जग्गा) | आयोजना संचालन कार्यकालाई लिएको जग्गा | भाडावाला वा प्रभावित जग्गाको बालि नालि बाडने/प्राप्त गर्ने व्यक्ति । | जग्गा अधिकरण ऐनको दफा २० अनुसार जग्गा भाडावाला/जग्गा लगाउने व्यक्तिलाई क्षतिपूर्ति रकमको ५० प्रतिशत र जग्गा धनिलाई ५० प्रतिशत रकम दिने । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट भाडावाला/जग्गा लगाउने र जग्गा धनिलाई क्षतिपूर्ति रकम दिने । | |
| आयोजनाको उद्धेश्यको लागि जग्गा धनिले जग्गा भाडामा दिने | ७ वर्षका लागि जग्गा भाडामा दिने | जग्गा प्रमाण पत्र प्राप्त व्यक्ति | विधुत प्राधिकरणले जग्गा प्रमाण पत्र प्राप्त व्यक्तिसंग औपचारिक रुपमा जग्गा भिबकभम लिने बारे सम्झौता गर्ने छ । यो सम्झौतामा वार्षिक रुपमा तिर्नु पर्ने रकमको उल्लेख हुने छ ।<br>विधुत प्राधिकरणले आयोजना सम्पन्न भए पछि भाडामा लिएको जग्गालाई पूर्वतह अवस्थामा उपलब्ध गराउने छ । | कार्यकारी निकायले जग्गा भाडामा लिएको क्षतिपूर्ति रकम दिने छ । | विधुत प्राधिकरणले जग्गा भाडाका लागि संयुक्त रुपमा सहमतिबाट कायम गरिएको भाडा दर वार्षिक रुपमा जग्गा धनिलाई जग्गा लिनू भन्दा अगाडि उपल्बध गराउने छ । जग्गालाई पूर्व अवस्थामा ल्याउनका लागि लागने सम्पूर्ण खर्च विधुत प्राधिकरणले व्यहोरने छ । |
| **क.२.** आवासीय जग्गा को क्षति | | | | | |

| | | | | |
|---|---|---|---|---|
| जग्गा धनिबाट आवासीय जग्गा को क्षति । | सह आयोजनाका लागि (sub-station) गरिने जग्गा अधिकरण । | जग्गा प्रमाण पत्र प्रापत व्यक्ति । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार | जग्गा लिनु भन्दा अगाडि प्रभावित व्यक्तिलाई पूर्ण रुपले क्षतिपूर्ति दिने । |
| **क.३** व्यापारीक जग्गा को क्षति (पसल,व्यापारीक स्थापना संग संबंधित) | | | | |
| जग्गा धनिबाट  व्यापारीक जग्गा को क्षति । | आयोजनासंग सम्बन्धित कार्यका लागि लिइएको जग्गा । | जग्गा प्रमाण पत्र प्रापत व्यक्ति । | जग्गा प्रप्ति वापत नगद भुक्तानी ।<br>प्रचलित कानुन तथा नियम अनुसारको शुल्क, कर र अन्य शुल्क । | कार्यकारी निकाय र क्षतिपूर्ति कमिटिको माध्यमबाट श्रीमान तथा श्रीमतीको संयुक्त बैंक खातामा रकम निकासा, यदि बिवाहित भएको खण्डमा र जग्गा धनिको अनुमति अनुसार |